# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल
(२०७३)

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको सुचना**

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०२।०३

बागमती नगरपालिकाले .कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले " **बागमती नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८०"** कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८१।८२ देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा **कृषि तथा पशु बिकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम ( सार्वजनिक निजी साझेदारी )** सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मिति बाट मिति २०८१ जेष्ठ १७ गते कार्यालय समय सम्म आशय पत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेवसाइट www.bagmatimunsarlahi.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका जवाफदेही हुनेछैन । आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु**

1. आशयपत्र पेश सम्वन्धी निवेदन,
2. आशय पत्रको फारम,
3. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र ( अनुमतिपत्र लिनुपर्नेको हकमा),
4. स्थायी लेखा नम्वर,
5. साझेदारीको लागि आवश्यक वजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
6. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
7. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
8. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
9. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
10. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
11. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण
12. विस्तृत विवरणहरु **बागमती नगरपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८० तथा बागतमी नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८० मा उल्लेख भएका छन् ।**
13. उल्लेखित ऐन तथा कार्यविधि वागमती नगरपालिका, नगरकार्यपालिका कार्यालय, सर्लाहीको वेवसाइट www.bagmatimunsarlahi.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner